Australian Government
Fair Work OMBUDSMAN

# कार्यस्थलका समस्याहरू

सही तरिकाले तलब नपाएको व्यक्तिलाई चिन्नुहुन्छ? सही व्यवहार नगरिरहेको व्यवसाय वा संगठनका बारेमा सुन्नुभएको छ? हामी समस्याको समाधान गर्न तपाईँलाई सहयोग गर्न सक्छौँ वा तपाईँले आफ्ना सूचनाहरू हामीलाई परिचय वा नाम नखुलाइकन बाँड्न सक्नुहुन्छ।

## विकल्प 1: कार्यस्थलमा समस्या समाधानका लागि सहयोग पाउनुहोस्

कार्यस्थलका समस्यालाई कसरी समाधान गर्ने भन्नेबारे के तपाईँ सुझाव चाहनुहुन्छ?

हाम्रो चरणबद्ध कार्यस्थलको विवादलाई समाधान गर्ने निर्देशिका (www.fairwork.gov.au/language-help/nepali/issues-in-the-workplace/resolving-workplace-disputes) (Guide to resolving workplace disputes) पालना गर्नुहोस्। यदि तपाईँलाई दोभाषेको आवश्यकता पर्छ भने, तपाईँले अनुवाद तथा दोभाषे सेवा (TIS) लाई 131 450 मा फोन गर्न सक्नुहुन्छ। अपरेटरलाई आफूले बोल्ने भाषा बताउनुहोस् र हामीलाई 131 394 मा फोन गर्न आग्रह गर्नुहोस्। अष्ट्रेलियाबाहिरबाट पनि TIS लाई +61 3 9268 8332 नम्बरमा फोन गर्न सक्नुहुन्छ।

तपाईँले भिसाको उल्लंघन गरेको भएता पनि तपाईँले काममा न्यूनतम तलब तथा शर्तहरू पाएको हुनुपर्छ। हामीले अध्यागमन तथा सीमा सुरक्षा विभाग (Department of Home Affairs – DHA) सँग सम्झौता गरेका छौँ कि यदि मानिसहरूले हामीकहाँ आएर सहयोग मागेमा व्यक्तिको अस्थायी भिसा रद्द हुने छैन, जबसम्म उनीहरुः

- आफ्नो भिसाले दिए अनुसार काम गर्नका लागि योग्य छन्
- उनीहरूलाई काममा दुरूपयोग गरिएको छ विश्वास गरिन्छ
- हामीलाई आफ्नो कार्य अवस्थाबारे उजुरी गर्छन्
- अनुसन्धानमा हामीलाई सहयोग गरिरहेका हुन्छन्।

यो निम्न अवस्था भएसम्म लागू हुन्छः

- भविष्यमा उनीहरूको भिसाको शर्तहरूको पालना गर्छन्
- उनीहरूको भिसा रद्द हुनुको अन्य कुनै कारण छैनन् (जस्तै राष्ट्रिय सुरक्षा, चरित्र, स्वास्थ्य वा जालसाजी)

अष्ट्रेलियामा कामगर्ने सबै भिसाबाहकहरूका लागि कार्यस्थलका अधिकारहरूका बारेमा थप अध्ययन गर्नुहोस् DHA वेबसाइट (https://www.homeaffairs.gov.au/Trav/Work/Work/workplace-rights) मा।

## विकल्प 2: आफ्नो परिचय नखुलाइकन कार्यस्थलका चिन्ताहरूलाई उजुरी गर्नुहोस्

यदि तपाईँलाई कसैले कार्यस्थलका कानुनहरूको पालना गरेको छैन भन्ने लागेमा तर तपाईँ आफू संलग्न हुन नचाहेकमा, तपाईँले परिचय नखुल्नेगरी हामीलाई उजुरी गर्न सक्नुहुन्छ।

हामी तपाईँलाई सम्पर्क गर्नेछैनौँ तर तपाईँले दिएको सूचनाले हामीलाई निम्न कुरा दिन्छः

- हाम्रो हालको तथा भविष्यको गतिविधिहरूबारे योजना बनाउन सहयोग गर्नेछ
- अन्य कमनवेल्थ, राज्य वा प्रदेशका निकायहरूलाई बाँड्न सकिनेछ।

### यसपछि के गर्ने

- काममा तपाईँको समय पहिल्याउन मेरो समय रेकर्ड एप (Record my hours app (www.fairwork.gov.au/tools-and-resources/record-my-hours-app) ) प्रयोग गर्नुहोस् ।

**Page reference No: 7298**

## Contact us

Fair Work Online: www.fairwork.gov.au

Fair Work Infoline: 13 13 94

Need language help?

Contact the Translating and Interpreting Service (TIS) on 13 14 50

Hearing & speech assistance

Call through the National Relay Service (NRS):

For TTY: 13 36 77. Ask for the Fair Work Infoline 13 13 94

Speak & Listen: 1300 555 727. Ask for the Fair Work Infoline 13 13 94

The Fair Work Ombudsman is committed to providing advice that you can rely on. The information contained on this website is general in nature. If you are unsure about how it applies to your situation you can call our Infoline on 13 13 94 or speak with a union, industry association or workplace relations professional. Visitors are warned that this site may inadvertently contain names or pictures of Aboriginal and Torres Strait Islander people who have recently died.